True means of secured life

प.स. प्रमलाइ/क.स./च.नं. १४९१-२०८२/८३

मिति : २०८२/०९/०७

श्री नेपाल स्टक एक्सचेन्ज लि.
भद्रकाली, काठमाडौं ।

**विषय : जानकारी गराइएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२/०९/०७ गते दिनको ३:३० बजे बसेको संचालक समितिको ३२ औं बैठकबाट निम्नानुसार निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१. कम्पनीको संचालक समितिका अध्यक्ष श्री शिक्षा भट्टचनले व्यक्तिगत कारणले संचालक समिति सदस्य तथा अध्यक्ष पदबाट दिनु भएको राजिनामा स्वीकृत गरिएको ।

२. मिति २०८२ पौष २९ गते मंगलबारका दिन, निम्नानुसारका प्रस्तावउपर छलफल तथा निर्णय गर्न, नवौं वार्षिक साधारण सभा बोलाउने साथै, साधारण सभा प्रयोजनको लागि मिति २०८१/०९/२१ गते शेयर कारोवारको बुक क्लोज गर्ने ।

**१. साधारण प्रस्ताव**

क. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु पारित गर्ने ।

ग. कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम आ.ब.२०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा । (हालका लेखापरीक्षक पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

घ. संचालक समिति सदस्यको नियुक्ति अनुमोदन गर्ने ।

ङ. प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

**२. विशेष प्रस्ताव :**

क. आ.व.२०८१/८२ को संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजीको ४ प्रतिशत बोनश सेयर तथा नगद लाभांश ४.४२१ प्रतिशत, कर समेत, वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

प्रधान कार्यालय, कमलादी, काठमाण्डौ

**प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड**
Head Office: Kamaladi, Kathmandu | Ph.: +977 1 5362223
Email: info@pmlil.com | Web: www.pmlil.com Toll Free No: 16600 101101

ख. बोनश शेयर जारी पश्चात हुन आउने रु. ५,३०,७७,९३,९२० बराबर चुक्ता पूँजी कायम गर्ने तथा सोही अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. कम्पनी ऐनको दफा १०५ (१) (ग) मा भएको व्यवस्था बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम अनुमोदन गर्ने ।

बोधार्थ :

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री सिडिएससी एण्ड क्लियरीङ्ग लि.
पुतलीसडक, काठमाडौं ।

भवदीय,

pRaBhu Mahalaxmi Life
प्रधान कार्यालय: कमलादी, काठमाण्डौ

किशोर प्रसाद लामिछाने
कम्पनी सचिव